**UPMC**
**नीति तथा कार्यविधि सम्बन्धी म्यानुअल**

**नीति:** **HS-RE0722 ***
**सूचकांक शीर्षक:** **आय**

**विषय: वित्तीय सहायता प्रक्रिया**
**मिति: मे 9, 2018**

## I. <u>नीति</u>

UPMC ले स्वास्थ्य स्याहार आवश्यकता भएका तथा बीमा नभएका, बीमा भन्दा बाहिर रहेका, सरकारी कार्यक्रमको लागि अयोग्य, सरकारी सहायताको लागि योग्य नभएका व्यक्तिहरू (उदाहरणको लागि Medicare वा Medicaid) वा Medicaid को लागि स्वीकृत प्राप्त तर मेडिकल सहायताले विशिष्ट चिकित्साशास्त्र द्वारा अनिवार्य गरेका सेवालाई खुल्ला रूपमा लिइएको छ भने वा अन्यथा चिकित्सकीय रूपमा आवश्यक स्याहारको लागि भुक्तान गर्न अयोग्य व्यक्तिहरूलाई वित्तीय सहायता उपलब्ध गराउन प्रतिबद्ध छ। UPMC ले स्वास्थ्य स्याहार सेवाहरू आवश्यक भएका व्यक्तिहरूको आर्थिक क्षमताको कारणले गर्दा उनीहरूलाई स्याहार खोज्न वा प्राप्त गर्नबाट वञ्चित गर्दैन भनी सुनिश्चित गर्ने प्रयास गर्दछ।

UPMC ले यसका संसाधनहरूलाई जिम्मेवारीपूर्ण तरिकाले व्यवस्थित गर्न र आवश्यकता परेको बेला अधिकतम संख्यामा रहेका व्यक्तिहरूलाई उपयुक्त स्तरको सहायता उपलब्ध गराउनका लागि बिरामीहरूले आफ्नो व्यक्तिगत भुक्तान क्षमताको आधारमा उनीहरूको स्याहार शुल्कमा योगदान पुर्‍याउने अपेक्षा राखिएको छ।

वित्तीय सहायताका लागि आवेदन दिएका बिरामीहरूले वित्तीय सहायता वा अन्य प्रकारको भुक्तानी प्राप्त गर्नका लागि UPMC का कार्यविधिहरूमा सहयोग गर्ने अपेक्षा पनि गरिएको छ, स्वास्थ्य बीमा खरिद गर्ने आर्थिक क्षमता भएका बिरामीहरूलाई यो सहकार्य गर्न प्रोत्साहन गरिन्छ।

संघीय आकस्मिक मेडिकल उपचार र श्रम ऐन (EMTALA) नियमहरू अनुसार, मेडिकल स्क्रिनिङ जाँचको प्रतिपादन पूर्व कुनै पनि बिरामीहरू वित्तीय सहायता वा भुक्तानी जानकारीको लागि र उपयुक्तता अनुसार बिरामीको उपचार वा ट्रान्सफरका लागि

© 2018 UPMC सर्वाधिकार सुरक्षित

तिनीहरूको स्थिति स्थिर बनाउन आवश्यक सेवाहरूको आवश्यक हदसम्म जाँच गरिनेछैन। उमेर, लिङ्ग, जाति, सामाजिक वा बसाइसराई स्थिति, यौन झुकाव, लैंगिक पहिचान वा धार्मिक संबद्धताको आधारमा वित्तीय सहायता प्रदान गरिनेछैन।

यस नीति अन्तर्गत सन्दर्भित गरिएका नीतिहरूको लिङ्कहरू सेक्सन VIII मा फेला पार्न सकिन्छ।

**II.** **<u>उद्देश्य</u>**

नीतिले वित्तीय सहायताका योग्यता आवश्यकताहरूको विभिन्न प्रकार र स्तरहरू, समावेश गरिएका वा नगरिएका सेवाहरू र सुरक्षित वित्तीय सहायताको प्रक्रियालाई संबोधन गर्छ।

**III.** **<u>कार्यक्षेत्र</u>**

यो नीति संयुक्त राज्य आधारित सबै पूर्ण एकीकृत UPMC अस्पताल र चिकित्सक प्रदायकहरूमा लागू हुन्छ। (संलग्नहरू हेर्नुहोस् - सुविधास्थल र प्रदायक सूचीहरू)।

**IV.** **<u>परिभाषा</u>**

यस नीतिको उद्देश्यको लागि, तलका शर्तहरू निम्न बमोजिम परिभाषित गरिएको छ:

<u>आकस्मिक स्याहार वा आकस्मिक उपचार</u>: EMTALA (आकस्मिक मेडिकल उपचार र सक्रिय श्रम ऐन) ले परिभाषित गरे अनुसार आकस्मिक स्वास्थ्य अवस्थाहरूका लागि स्याहार वा उपचार।

<u>वित्तीय सहायता</u>: वित्तीय सहायता स्थापित मापदण्ड पूरा गर्ने व्यक्तिहरूलाई नि:शुल्क वा छुटमा स्वास्थ्य स्याहार सेवाहरूको प्रावधान हो।

<u>परिवार</u>: संयुक्त राज्यको जनगणना ब्यूरोले परिभाषित गरे अनुसार, एकसाथ बसोबास गर्ने र जन्म, अंगीकरण, विवाह, समलिङ्गि विवाह, अविवाहित वा पारिवारिक साझेदारको सम्बन्ध भएका दुई वा दुई भन्दा धेरै व्यक्तिको समूहलाई जनाउँछ।

<u>अबीमाकृत</u>: UPMC बाट प्राप्त स्वास्थ्य स्याहार सेवाहरूको लागि उसको/उनको भुक्तान जिम्मेवारीहरू पूरा गर्न सहयोग गर्न बिरामीसँग कुनै पनि बीमा स्तर छैन (निजी वा

© 2018 UPMC सर्वाधिकार सुरक्षित

सरकारी) वा हिंसा अपराधका पीडितहरू, स्वत: बीमा, तेस्रो पक्ष जिम्मेवारी, इत्यादि जस्ता अन्य सम्भावित सहायता विकल्पहरू छैन।

<u>बीमा पूरा नभएको</u>**:** बिरामीसँग केही बीमा स्तर (निजी वा सरकारी) वा हिंसा अपराधका पीडितहरू, स्वत: बीमा, तेस्रो पक्ष जिम्मेवारी, इत्यादि जस्ता अन्य सम्भावित सहायता विकल्पहरू छ तर बिरामीको आफ्नो व्यक्तिगत खर्चहरू हुन्छ जुन खर्च UPMC का स्वास्थ्य स्याहार सेवाहरूका लागि भुक्तान गर्ने उसको/उनको आर्थिक क्षमताभन्दा बढी हुन्छ।

<u>आम्दानी/पारिवारिक आम्दानी</u>: आम्दानी/पारिवारिक आम्दानी सबै योग्य पारिवारिक सदस्यहरूको आम्दानीको निम्न स्रोतहरूको गणना गरी निर्धारण गरिन्छ।

- ज्याला, तलब, टिप्स
- व्यवसायको आम्दानी
- सामाजिक सुरक्षा आम्दानी
- पेन्सन वा सेवानिवृत्ति आम्दानी
- लाभांशहरू र ब्याज
- भाडा र राजस्वहरू
- बेरोजगारी भत्ता
- कर्मचारी क्षतिपूर्ति आम्दानी
- निर्वाह व्यय र बाल सहायता
- कानूनी निर्णयहरू
- नगद, बैंक खाता र मुद्रा बजार खाताहरू
- बचतका परिपक्क प्रमाण पत्रहरू, साझा कोषहरू, प्रतिज्ञा पत्र वा बिना राजस्व सलिजैसँग नगदमा सार्न मिल्ने अन्य लगानीहरू
- समर्थन चिट्ठीहरू
- अन्य आम्दानी, जस्तै ट्रस्ट कोषहरू, परोपकारी फाउन्डेसनहरू, इत्यादि बाट प्राप्त आम्दानी।

<u>आम्दानी निर्धारण गर्न समावेश नगरिएका निम्न वस्तुहरू:</u>

- प्राथमिक बासस्थान
- सेवानिवृत्ति कोष
- प्राथमिक सवारी

© 2018 UPMC सर्वाधिकार सुरक्षित

<u>गरीबी:</u> संघीय गरीबी निर्देशिकाको 250% भन्दा कम आम्दानी।

<u>छुटप्राप्त स्याहार</u>: बीमा नभएको र आम्दानी संघीय गरीबी निर्देशिकाको 251% देखि 400% को बीचमा पर्छ।

<u>वित्तीय वा मेडिकल कठिनाई</u>: संघीय गरीबी निर्देशिकाको 250% भन्दा बढी वार्षिक पारिवारिक आम्दानी र UPMC द्वारा उपलब्ध मेडिकल सेवाहरूको परिणाम स्वरूप व्यक्तिगत खर्च वा बिरामीको दायित्व पारिवारिक आम्दानीको 15% भन्दा धेरै हुने बिरामीहरूलाई छुटको रूपमा प्रदान गरिने वित्तीय सहायता।

<u>संघीय गरीबी निर्देशिका</u>: संघीय गरीबी निर्देशिका संयुक्त राज्य कोडको शीर्षक 42 को खण्ड 9902 को उपखण्ड (2) को प्रभुत्व अन्तर्गत संयुक्त राज्यको स्वास्थ्य तथा मानव सेवा विभागको संघीय रजिष्टरमा वार्षिक रूपमा अद्यावधिक हुन्छन्। हालको संघीय गरीबी निर्देशिका http://aspe.hhs.gov/poverty-guidelines मा सन्दर्भित गर्न सकिन्छ।

<u>सम्भावित परोपकारी स्याहार</u>: बिरामीको भुक्तान क्षमताको जानकारी उपलब्ध गराउने सार्वजनिक रूपमा उपलब्ध बाह्य डाटा स्रोतहरूको प्रयोग।

## V. <u>योग्यता</u>

**A.** **यस नीति अन्तर्गत योग्य सेवाहरू।** UPMC प्रदायकबाट आकस्मिक तथा चिकित्सकीय रूपमा आवश्यक अन्य स्याहार खोज्ने वा प्राप्त गर्ने योग्य व्यक्तिहरूको लागि वित्तीय सहायता उपलब्ध छ। वित्तीय सहायता नीति (FAP) ले पेनसिलभानिया को Commonwealth ले परिभाषित गरे अनुरूप चिकित्सकीय रूपमा आवश्यक स्याहारलाई समावेश गर्छ। पेनसिलभानियाको Commonwealth 55 Pa कोड § 1101.21a ले निम्न बमोजिम मेडिकल अनिवर्यताको व्याख्या गर्छ:

बिमारी, चोटपटक वा अशक्तताको उचित उपचार वा व्यवस्थापनको लागि आवश्यक सेवा, वस्तु, कार्यविधि वा स्याहारको स्तर हो जसले:

(1) बिमारी, अवस्था, चोटपटक वा अशक्तताको धावालाई रोकथाम गर्नेछ वा विश्वसनीय रूपमा रोकथाम गर्ने अपेक्षा गरिएको छ; वा

© 2018 UPMC सर्वाधिकार सुरक्षित

(2) बिमारी, अवस्था, चोटपटक वा अशक्तताको शारीरिक, मानसिक वा विकासात्मक प्रभावलाई कम गर्नेछ वा सुधार गर्नेछ वा विश्वसनीय रूपमा कम गर्ने वा सुधार गर्ने अपेक्षा गरिएको छ; वा

(3) प्रापकको प्रकार्य क्षमता र समान उमेरको प्रापकका लागि उपयुक्त ती प्रकार्य क्षमताहरू दुबैलाई ध्यानमा राखेर दैनिक क्रियाकलापहरू गर्न अधिकतम प्रकार्य क्षमता प्राप्त गर्न वा कायम राख्न प्रापकलाई सहायता गर्नेछ।

**B. चिकित्सकीय रूपमा आवश्यक भएको वा नभएको स्याहारको बाबजुद यस नीति अन्तर्गत वित्तीय सहायताका लागि योग्य नहुने सेवाहरूमा निम्न समावेश छन्:**

a. कस्मेटिक शल्यक्रियालाई चिकित्सकीय रूपमा आवश्यक मानिएको छैन
b. सबै प्रत्यारोपण र सम्बन्धित सेवाहरू
c. ब्यारीएट्रिक्स र सबै सम्बन्धित सेवाहरू
d. प्रजनन् सम्बन्धित कार्यविधिहरू (इन-भिट्रो उर्वरण, भ्यासेक्टोमी, इत्यादि)
e. अक्कुपञ्चर
f. भर्चुअल विशेषज्ञता स्याहार र परामर्श सेवाहरू सहित अनलाइन भर्चुअल स्वास्थ्य स्याहार भ्रमणहरू र सम्बन्धित टेलिमेडिसिन सेवाहरू
g. कुनै पनि UPMC आकस्मिक स्याहार स्थानमा सम्पन्न गरिने सेवाहरू
h. प्याकेजको मूल्य निर्धारण - प्याकेज मूल्यमा समावेश गरिएका सेवाहरू एकमुष्ठ हुन्छन् र कुनै पनि रूपमा छुट नहुने संयुक्त दर लागू हुन्छ।
i. प्राइभेट ड्यूटी नर्सिङ
j. गैर UPMC संस्थाद्वारा उपलब्ध र बिलिङ गरिएका सेवाहरू जसमा प्रयोगशाला वा निदानात्मक परीक्षण, दन्त चिकित्सा, दृष्टि र बोली, पेशागत वा फिजिकल थेरापीहरू समावेश हुन सक्छन्
k. UPMC मा सम्पन्न सेवाहरूको शुल्कको आधारमा स्वास्थ्य लाभ पहलसँग सम्बन्धित वा यसको परिणाम ल्याउन सक्ने विचाराधीन मामिलामा समावेश भएको बिरामीले प्राप्त गरेका बिरामी खाता वा सेवाहरू
l. लेजर आइ सर्जरी, श्रवण यन्त्र, इत्यादि जस्ता अन्य गैर-समावेश सेवाहरू।

© 2018 UPMC सर्वाधिकार सुरक्षित

## VI. <u>योग्यता तथा सहायता मापदण्ड</u>

**A.** UPMC को लक्ष्य र मान्यता अनुसार वित्तीय सहायता प्रदान गरिनेछ। अबीमाकृत र बीमा पूरा नभएका बिरामीहरू र UPMC द्वारा उपलब्ध गराइएका सेवाहरूको लागि आफ्नो व्यक्तिगत खर्चमा पूर्ण भुक्तान गर्न आर्थिक रूपमा कठिनाई हुनेछ भनी अपेक्षा गरिएका व्यक्तिहरूका लागि वित्तीय सहायता योग्य मानिनेछ। संघीय, राज्य र स्थानीय कानूनको अनुसार वित्तीय सहायता प्रदान गरिनेछ। यदि योग्य भएमा वित्तीय सहायताका लागि आवेदन दिने आवेदकले उपलब्ध कभरेजका लागि साथै UPMC द्वारा उपलब्ध गराइएको स्याहारका लागि सार्वजनिक वा निजी स्वास्थ्य बीमा भुक्तानी विकल्पहरूका लागि सार्वजनिक कार्यक्रमहरूमा आवेदन दिन आवश्यक हुन्छ। आवेदकहरूको स्वास्थ्य स्याहार सेवाहरूको भुक्तानी गर्ने कार्यक्रमहरूका लागि आवेदन दिन सहकार्य नगर्ने बिरामीहरूको वित्तीय सहायता अस्वीकार गर्न सकिनेछ। UPMC ले सार्वजनिक र निजी कार्यक्रमहरूका लागि आवेदन दिन बिरामीहरूको मद्दतमा सकारात्मक प्रयासहरू गर्नेछ।

विशेषगरी, कोपे मात्र समावेश गर्ने रकममा बिरामीका लागि वा बीमा आवश्यकताहरू (जस्तै अधिकार र/वा रिफरलहरू प्राप्त गर्ने) मा विश्वसनीय रूपमा अनुपालना गर्न व्यक्ति असफल हुँदा वा बिरामीले योग्यता आवश्यकताहरू पूरा गरेको छ वा छैन भनी त्यसको पर्वाह बिना उपलब्ध बीमा कभरेज अप्ट आउट गर्ने व्यक्तिहरूका लागि वित्तीय सहायता उपलब्ध छैन।

यसका साथै, सेवा क्षेत्र बसोबास गर्ने व्यक्तिहरूमा यो नीति लागू हुनेछैन र UPMC प्रदायकबाट उपचार गराउनका लागि यात्रा गर्न आवश्यक हुनेछ। सेवा क्षेत्रमा UPMC केन्द्रका सबै निकटवर्ती काउण्टीहरू समावेश छन्। बिरामीलाई आकस्मिक उपचार गरिएको अवस्थामा बाहेक गैर-आवासीय अन्तर्राष्ट्रिय बिरामीहरू वित्तीय सहायताबाट वर्जित छन्। UPMC ले आफ्नो एकल निर्णयमा सबै सम्बन्धित तथ्य र परिस्थितिहरूको लेखाजोखा गरेपछि यी अपवर्जनहरूमा छुट दिन सक्नेछ। साथै, UPMC ले प्रकल्पित परोपकार स्याहार प्रयोग गर्ने बिरामीहरूका लागि वित्तीय सहायता स्वीकृत गर्न सक्नेछ।

**B.** **बिरामी वित्तीय सहायताका योग्यता मार्गदर्शनहरू।** यहाँ अन्यथा उल्लेख गरिएको बाहेक, यस नीति अन्तर्गत योग्य सेवाहरू संयुक्त राज्यको स्वास्थ्य तथा मानव

© 2018 UPMC सर्वाधिकार सुरक्षित

सेवा विभागद्वारा प्रकाशित संघीय गरीबी स्तर निर्देशिकाको सन्दर्भमा निर्धारित गरिए अनुसार आर्थिक आवश्यकता अनुसार स्लाइडिङ शुल्क स्केलको आधारमा बिरामीलाई उपलब्ध गराइनेछ। [1]

1. <u>दरिद्रता</u>:

   A. जब बिरामी *अबीमाकृत* छ र बिरामीको र/वा उत्तरदायी पक्ष (उदाहरणमा, अभिभावक, जीवनसाथी, इत्यादि) को आम्दानी संघीय गरीबी निर्देशिकामा तोकिएको स्तरको **250%** वा सोभन्दा मुनि भएमा, बिरामीलाई प्रदायकद्वारा प्रदान गरिने स्याहारमा 100% छुटका लागि स्वीकृत गरिनेछ। यसको अर्थ सेवाको शुल्क पूर्ण रूपमा छुट हुन्छ।

   B. जब बिरामीको *बीमा पूरा भएको छैन* र बिरामीको र/वा उत्तरदायी पक्ष (उदाहरणमा, अभिभावक, जीवनसाथी, इत्यादि) को आम्दानी संघीय गरीबी निर्देशिकामा तोकिएको स्तरको **250%** वा सोभन्दा मुनि भएमा, बिरामी वित्तीय सहायताका लागि योग्य हुन्छ। बिरामीको बीमा कम्पनीलाई शुल्क लगाइनेछ, यदि स्वीकृत भयो भने, यो को-पेमेन्ट हुँदाको अवस्थामा बाहेक, बिरामीले बीमापछि कुनै पनि बिरामी दायित्व वहन गर्नुपर्नेछैन। यदि पर्याप्त बीमा नभएको बिरामीको आम्दानी संघीय गरीबी निर्देशिकामा तोकिएको स्तरको 250 प्रतिशतभन्दा धेरै छ भने, बिरामी वित्तीय वा मेडिकल कठिनाईको रूपमा वित्तीय सहायताका लागि योग्य हुन सक्नेछ।

2. <u>छुटप्राप्त स्याहार</u>: सहायता बिरामीको र/वा उत्तरदायी पक्षको आम्दानी अनुसार छुटको रूपमा वा बिरामीको दायित्वमा कमीको रूपमा हुन सक्छ।

   अबीमाकृत बिरामी र/वा उत्तरदायी पक्ष (उदाहरणमा, अभिभावक, जीवनसाथी, इत्यादि) को आम्दानी संघीय गरीबी निर्देशिकामा तोकिएको

---

[1] चालू वर्षको लागि संघीय गरीबी निर्देशिका http://aspe.hhhs.gov/poverty-guidelines मा उपलब्ध छन. प्रदायकको संघीय गरीबी निर्देशिकाको प्रयोगलाई संयुक्त राज्यको स्वास्थ्य तथा मानव सेवा विभागद्वारा प्रकाशित संघीय गरीबी निर्देशिका अद्यावधिकहरूको संयोजनमा वार्षिक रूपमा अद्यावधिक गरिनेछ।

© 2018 UPMC सर्वाधिकार सुरक्षित

स्तरको **250%** भन्दा बढी तथा **400%** वा सोभन्दा कम छ भने, उक्त बिरामीले तल निर्धारित गरिए बमोजिम सामान्यतया लिइने शुल्क (AGB) को सबै खातामा बिरामीको दायित्व कटौतीको रूपमा वित्तीय सहायता राप्त गर्न योग्य हुन्छ।

3. <u>वित्तीय वा मेडिकल कठिनाई:</u> यदि बिरामी र वा उत्तरदायी पक्ष (उदाहरणको लागि, अभिभावक, जीवनसाथी, इत्यादि) को आम्दानी संघीय गरीबी स्तरभन्दा 250% ले बढी छ भने, उनीहरूलाई वित्तीय वा मेडिकल कठिनाई सहायताका लागि विचार गर्न सकिनेछ। बिरामीको व्यक्तिगत खर्च वा बिरामीको दायित्व परिवारको आम्दानी भन्दा 15% ले बढी छ वा बिरामीको मेडिकल बिल यति धेरै छ कि त्यसलाई तिर्दा बिरामीको वित्तीय अवस्था अत्यन्तै खराब हुने जोखिम छ भने, UPMC ले त्यस्ता बिरामीलाई सहायता प्रदान गर्नका लागि विचार गर्नेछ। परिवारको दायित्व परिवारको आम्दानी को 15% वा AGB मध्ये जुन कम हुन्छ त्योभन्दा बढि हुन नदिन वित्तीय सहायताको रूपमा शुल्कमा समायोजन गरिनेछ।

यस नीतिमा जे सुकै उल्लेख गरिएको भए तापनि, यदि सेवाको 100% शुल्क चुक्ता गर्न पर्याप्त नहुने वित्तीय सहायता प्रदान गरियो भने, यो नीति अन्तर्गत छुटप्राप्त स्याहार प्राप्त गर्न योग्य बिरामीहरूबाट असुल गर्न बाँकी रकम तल निर्धारित गरे अनुसार सामान्यतया लिइने शुल्क (AGB) भन्दा बढी हुनेछैन। UPMC ले आफ्नो स्वविवेकमा वित्तीय स्रोतहरूको कमी भएका बिरामीलाई मेडिकल स्याहर उपलब्ध गराउने यस नीतिको मूलभूत उद्देश्य हासिल गर्नको लागि सबै सम्बन्धित तथ्य तथा परिस्थितिहरूमाथि विचार गरेर योग्यता मापदण्डहरूमा छुट दिन वा परिमार्जन गर्न सक्छ।

## VII. <u>सामान्य रूपमा बिलमा लेखिएको रकम</u>

UPMC ले यस्तो स्याहरको लागि बीमा क्षेत्रमा भएका कोहीपनि योग्य व्यक्तिलाई आकस्मिक वा अन्य चिकित्सा शास्त्र अनुसार अनिवार्य गरेका सेवाहरूको लागि सामान्यतया लिइने शुल्क (AGM) भन्दा बढी शुल्क लगाउने छैन। UPMC ले AGB निर्धारण गर्न लुक-ब्याक विधि प्रयोग गर्नेछ। AGB को हिसाब मेडिकेयरको फि-फर-सर्भिस र (मेडिकेडद्वारा व्यवस्थित भुक्तानीकर्ताहरू सहित) नीजि स्वास्थ्य बीमाहरूले स्वीकार्ने सबै दाबीहरूलाई प्रयोग गरेर गरिन्छ। यसका लागि, UPMC ले यस नीतिले समाविष्ट गरेको कुनै पनि

© 2018 UPMC सर्वाधिकार सुरक्षित

अस्पतालको न्यूनतम शुल्क चयन गरेर त्यसलाई यस नीति अन्तर्गत समाविष्ट सम्पूर्ण आकस्मिक वा अन्य चिकित्सकीय रूपमा आवश्यक स्याहारमा लागू गर्नेछ। हाल हिसाब गरिएको न्यूनतम रकम 13% हो र परिणामस्वरूप 87% छुट पाइन्छ।

## VIII. <u>वित्तीय सहायताको लागि निवेदन गर्दै</u>

UPMC को नीति र बिरामीको वित्तीय आवश्यकताको मूल्याङ्कनको आधारमा योग्यता निर्धारण गरिनेछ। अबिमाकृत र बिमा भन्दा बहिरका बिरामीहरूलाई वित्तीय सहायता नीति र निवेदन पेश गर्नको लागि प्रक्रियाको जानकारी गराइने छ। यदि योग्य भएमा वित्तीय सहायताका लागि आवेदन दिने आवेदकले उपलब्ध कभरेजका लागि र साथै UPMC द्वारा उपलब्ध गराइएको स्याहारका लागि सार्वजनिक वा निजी स्वास्थ्य बीमा भुक्तानी विकल्पहरूका लागि सार्वजनिक कार्यक्रमहरूमा आवेदन दिन आवश्यक हुन्छ। UPMC ले आवेदन प्राप्त गरेको मितिबाट 30 दिनभित्रमा वित्तीय सहायताको अनुरोधलाई प्रक्रियामा लैजानेछ। यदि कुनै कागजात छुटेको छ भने, बिरामीलाई यस अनुरोधको प्रतिक्रिया दिन थप 30 दिनको समय दिइनेछ।

UPMC ले बिरामीहरूलाई स्वास्थ्य सहायता र अन्य उपलब्ध सार्वजनिक तथा निजी कार्यक्रमहरूको फाइदाहरू वर्णन गर्न उचित कार्यहरू बनाउँछ र सेवाहरूको लागि कार्यक्षेत्र उपलब्ध गराउने ति कार्यक्रमहरूमा जानकारी उपलब्ध गराउँछ।

सार्वजनिक तथा निजी कार्यक्षेत्रमा जानकारी र UPMC का वित्तीय सहायता नीति सजिलोसँग बुझ्न सक्ने, संस्कृति रूपमा उचित भाषा र उपयुक्त अस्पताल सेवा क्षेत्र समुदायहरूमा बोलिने अति प्रचलित भाषाहरूमा बिरामीहरूलाई सूचित गराइने छ।

### <u>A.</u> <u>आवेदन प्रक्रिया:</u>

सामान्यतया, बिरामीले लागू हुने संघीय तथा कनवेल्थ सरकारी सहायता कार्यक्रमहरूको लागि निवेदन दिएर ती कार्यक्रममा सहभागी हुन अयोग्य ठहर नहुँदासम्म बिरामी वित्तीय सहायताको लागि योग्य हुँदैन। UPMC ले संघीय र कमनवेल्थ सरकारी कार्यक्रमहरूको लागि सूचित गर्न र/वा निवेदन गर्न बिरामीहरूलाई सहयोग गर्न स्रोतहरू उपलब्ध गराउने छ। UPMC ले मेडिकल सहायता वा अन्य साझा सरकारी सहायता कार्यक्रमहरूको लागि कागजातहरू बिना वित्तीय सहायताको प्रक्रिया गर्न बिरामी अयोग्य छ भनी निर्णय गर्न सक्छ।

© 2018 UPMC सर्वाधिकार सुरक्षित

सबै निवेदकहरूले UPMC को वित्तीय सहायता निवेदन फाराम (संलग्न हेर्नुहोस्) पुरा गर्ने र अनुरोध गरिएका कागजातहरू उपलब्ध गराउनको लागि अपेक्षित गरेका हुन्छन्। निवेदनसँग कागजातहरू समावेश गरिएको छैन भने, निवेदनमा साझा गरिएको वित्तीय जानकारी वित्तीय सहायता निर्धारण बनाउनको लागि प्रयोग हुन सक्नेछ। बिरामीको हस्ताक्षर उपलब्ध गराइएको जानकारीको मान्यतामा साक्षीको रूपमा प्रयोग हुनेछ। थपमा, पूर्ण निवेदनहरू र सहायक कानूनी कागजातहरू थप उपयुक्त निवेदन प्रक्रियामा नतिजा प्रकाशन गर्ने बढी संभावना हुँदा, संभावित वित्तीय सहायता (तल परिभाषित) वा अन्यथा UPMC को कार्य स्वतन्त्रतामा यस नीति द्वारा उपलब्ध गराइए बमोजिम पूर्ण निवेदन र सहायक कानूनी कागजातहरूको अनुपस्थितिमा वित्तीय सहायता निर्णायक हुन सक्छ।

वित्तीय सहायताका आवेदनहरू निम्न कार्यालयमा पेश गरिनुपर्छ:

बिरामी वित्तीय सेवा केन्द्र
UPMC
Quantum 1 Building
2 Hot Metal Street
Pittsburgh, PA 15203
1-800-371-8359 विकल्प 2

वित्तीय सहायताको लागि अनुरोध प्रक्रिया तुरून्त हुने छ र UPMC ले पूर्ण निवेदन प्राप्त भएको 30 दिन भित्र लिखित रुपमा बिरामी वा निवेदकलाई सूचित गर्ने छ। कुनैपनि वित्तीय सहायताको लागि योग्यता अस्वीकार भयो भने, बिरामीले कुनैपनि समयमा पुन: निवेदन गर्न सक्छन्। बिरामीलाई वित्तीय सहायता अस्वीकार गरिएको खण्डमा र बाँकी रकम चुक्ता गर्ने स्रोत वा भुक्तान योजना स्थापित गरिएको छैन भने, निरन्तरताको लागि खाता तेस्रो पक्ष संकलन ऐजेन्सीमा हस्तान्तरण हुन सक्नेछ। कृपया UPMC को बिलिङ र संकलन नीति HS-RE0724 हेर्नुहोस्।

If the patient is approved for financial assistance, the eligible patient balances will be adjusted accordingly for services up to one year prior to the approval of the application. The application will remain on file for 3-months and may be used to grant financial assistance within the3-month time period without requesting additional financial information.  Cancer patient’s applications will be approved for a 6month forward time period to ensure a continuation of care.

वित्तीय सहायता योग्यताको लागि स्वीकृत समयावधि बिरामीलाई सहयताको लागि योग्य ठहर गरिएको मिति र योग्य ठहर भएको मितिभन्दा एक वर्ष अगाडि सुरु हुनेछ।

© 2018 UPMC सर्वाधिकार सुरक्षित

एक वर्षभन्दा पहिलेको सेवा मितिलाई UPMC को स्वविवेकमाअवस्था हेरेर विचार गर्न सकिनेछ।

यदि कुनै बिरामीलाई आवेदन प्रक्रिया मार्फत वित्तीय सहायताका लागि स्वीकृत गरियो र बिरामीले वित्तीय सहायताका लागि योग्य खाताहरूमा भुक्तानी गरेको भएमा; सह-भुक्तानीहरू बाहेक, $5 भन्दा बढीका भुक्तानीलाई स्वीकृत वित्तीय सहायताको स्तरलाई कायम राख्दै फिर्ता गरिनेछ।

## B. संभावित वित्तीय सहायता योग्यता:

संभावित दरिद्रता:

UPMC ले वित्तीय सहायता पुरा गर्न वा आवश्यक कागजातहरू उपलब्ध गराउन सबै बिरामीहरू योग्य छैन्न भनी पहिचान गर्छ। यस नीतिमा परिभाषित गरिएका सामान्य निवेदनहरू र आय मूल्याङ्कनको अभाव हुँदा पनि वित्तीय सहायता अनुबद्ध हुँदा विभिन्न अवस्थाहरू हुन सक्छन् र बिरामीहरू सहायताको लागि चुनिन्छन्। भुक्तानको लागि बिरामीको योग्ताको मूल्याङ्कनको सामान्य पाठ्यक्रममा, UPMC, यसका एकल कार्य स्वतन्त्रामा संकलन गर्ने नसक्ने बिरामीको खाताको रूपमा घोषित हुन सक्छ र योग्यता मापदण्ड पुरा गरेको रूपमा वर्गीकरण हुन्छ। संभावित योग्यता जिवन परिस्थितिको आधारमा बिरामीलाई स्वीकृत हुन सक्नेछ जस्तै:

1. घरविहिन वा घरविहिन क्लिनिकवाट स्याहर प्राप्त;
2. महिला, नवजात शिशु, र बालबालिका कार्यक्रममा सहभागिता (WIC);
3. (पुरक पोषण सहायता कार्यक्रम) SNAP का फाइदाहरू प्राप्त गर्दै;
4. अन्य राज्य वा स्थानीय सहायता कार्यक्रहरूको लागि योग्ता, जस्तै अन्यायपूर्ण अपराधहरूका पीडितहरू;
5. कुनैपनि ज्ञात वैयक्तिक सम्पत्ति नभएका मृतक बिरामी।

संभावित वित्तीय योग्यता स्थापित हँदा, पूर्ण 100% छुट उपलब्ध हुनेछ।

अन्य संभावित योग्यता:

UPMC को निवेदन प्रक्रियामा गैर जिम्मेवार हुने बिरामीहरूको लागि, हालैको मेडिकल सहायता निवेदनबाट संभावित ढाँचा वा जानकारीद्वारा उपलब्ध गराइएको अनुमानित

© 2018 UPMC सर्वाधिकार सुरक्षित

आय र परिवारको आकार जस्ता जानकारीका अन्य स्रोतहरू वित्तीय आवश्यकताको व्यक्तिगत मूल्याङ्कन बनाउन प्रयोग गरिन सक्छ। यस जानकारीले बिरामीद्वारा प्रत्यक्ष उपलब्ध गराइएका जानकारीको अनुपस्थितिमा उत्कृष्ट उपलब्ध अनुमानहरूको प्रयोग गरी गैर जिम्मेवारी बिरामीहरूको वित्तीय आवश्यकतामा सूचित निर्णय बनाउन UPMC लाई सक्षम पार्ने छ।

वित्तीय रूपमा आवश्यक परेका बिरामीहरूको सहयोगको उद्येश्यको लागि, UPMC ले वित्तीय आवश्यकता जाँच गर्नको लागि बिरामीहरूको जानकारी समिक्षा गर्न तेस्रो पक्षको प्रयोग गर्न सक्छ। यो समिक्षाले स्वास्थ्य स्याहर उद्योग पहिचान, सार्वजनिक रेकर्ड डाटावेसमा आधारित आगामी ढाँचाको प्रयोग गर्छ। ढाँचाले सामाजिक-आर्थिक र आम्दानी, स्रोतहरू र सम्पत्तिको लागि अनुमानहरू समावेश गर्ने वित्तीय क्षमताको गणना गर्न सार्वजनिक रेकर्डको लगतलाई मिश्रित गर्छ। ढाँचाको नीति सेट प्रत्येक बिरामीलाई एउटै तहमा जाँचा गर्न बनाइएको हुन्छ र UPMC को लागि ऐतिहासिक वित्तीय सहायता स्वीकृतिहरू बिरूद्ध अंशशोघित गर्छ। भावी ढाँचाले परम्परागत निवेदन प्रक्रिया अनुसार वित्तीय सहायताको लागि ऐतिहासिक रूपमा चुनिएका अन्य बिरामीहरूको नमूनाको रूपमा रहेका बिरामी छन् भने पनि UPMC लाई सक्षम पार्छ।

बिरामीले प्रत्यक्ष रूपमा उपलब्ध गराएको जानकारी नहुँदाको अवस्थामा UPMC ले संभावित योग्यताको प्रतिपादन गर्न भविष्यसूचक मोडेलबाट प्राप्त जानकारीको प्रयोग गर्न सक्छ। कार्य क्षेत्र उपलब्धता सुनिश्चित गर्ने कार्यहरू असफल भएका छन भने, भावी ढाँचाले वित्तीय रूपमा आवश्यक परेका बिरामीहरूमा संभावित योग्यता प्रतिपादन गर्न प्रणालीगत तरिका उपलब्ध गराउँछ।

संभावित नियमको सेट अन्तर्गत बिरामी अधिकतम वित्तीय सहायता प्राप्त गर्न योग्य नभएको अवस्थामा, बिरामीले अझैपनि आवश्यक जानकारी प्रदान गरी परम्परागत वित्तीय सहायता निवेदन प्रक्रियाबाट निवेदन दिन सक्छन्। बिरामीले संभावित योग्यता प्रक्रिया मार्फत वित्तीय सहायता अस्वीकार गर्दा, वित्तीय सहायता निवेदनसँगै बिरामीलाई एउटा चिठ्ठी प्रेषित हुनेछ। तेस्रो पक्ष संकलन एजेन्सीलाई खाता पठाउनु पूर्व बिरामीसँग निवेदन प्रक्रिया पूरा गर्न 30 दिन हुनेछ।

संभावित स्क्रिनिङले UPMC लाई वित्तीय आवश्यकता रहेका बिरामीहरूलाई व्यवस्थित ढङ्गले पहिचान गर्न, प्रशासनिक भार कम गर्न र वित्तीय सहायता निवेदन प्रक्रियामा

© 2018 UPMC सर्वाधिकार सुरक्षित

जिम्मेवार नभएका बिरामीहरूलाई वित्तीय सहायता उपलब्ध गराउन सहायता गरेर समुदायलाई लाभ दिन्छ।

## IX. वित्तीय सहायता र सम्बन्धित जानकारीको सूचना

UPMC को वित्तीय सहायता नीति (FAP), वित्तीय सहायता नीति (FAP) को निवेदन फाराम र वित्तीय सहायता नीति (FAP) को सरल भाषाको सारांश ("FAP कागजातहरू") निम्न बमोजिम सबै UPMC बिरामीहरूको लागि उपलब्ध हुनेछ:

A. वित्तीय सहायता नीति, FAP निवेदन फाराम र FAP को सरल भाषाको सारांश UPMC को वेबसाइट, (http://www.upmc.com/about/community-commitment/financial-assistance/Pages/default.aspx) मा उपलब्ध छ, सामान्य रूपमा यस साइटमा प्रयोगरत कार्यविधिद्वारा खोजमूलक छ। FAP का कागजातहरू वेबसाइटबाट प्रिन्ट गर्न सकिनेछ।

B. वित्तीय सहायता नीति, FAP निवेदन फाराम र FAP को सरल भाषाको सारांशहरू UPMC अस्पतालहरू र मेल द्वारा दुवै सार्वजनिक स्थानहरुमा अनुरोध मार्फत र बिना शुल्क उपलब्ध हुन्छ।

C. सुविधामा निरीक्षकहरूलाई FAP तथा FAP का कागजातहरूको उपलब्धता बिरामीका बिलहरूमा सूचनाद्वारा र सुविधा परिसरहरूमा रहेका आकस्मिक कोठा, आकस्मिक स्याहर केन्द्र, भर्ना तथा दर्ता विभाग, अस्पताल व्यवसाय कार्यलय र बिरामी वित्तीय सेवा कार्यलयहरूमा र UPMC अनुसार छनोट गर्ने सक्ने अन्य सार्वजनिक ठाउँहरूमा प्रेषित गरेर सूचित तथा जानकारी गराइन्छ। सार्वजनिक वेबसाइटहरूमा पनि जानकारी समावेश गरिनेछ। वित्तीय सहायताको लागि बिरामीहरूको सिफारिस चिकित्सक, नर्स, वित्तीय पदामर्शदाता, सामाजिक कार्यकर्ता, मामिला व्यवस्थापक, गरूहरू र अन्य गरी कोहीपनि UPMC का कर्मचारी वा मेडिकल कर्मचारीद्वारा सिफारिस गर्छन्।

## X. अपिल तथा द्वन्द पुन: समाधान

यस वित्तीय सहायता नीतिको निवेदममा द्वन्द सकिएको क्षणमा बिरामीहरूले UPMC बाट समिक्षा खोज्न सक्छन्। बिरामीहरूले अस्वीकार गरिएको वित्तीय सहायता पश्चात उनीहरूको योग्यताको पनि अपिल गर्न सक्छन्।

© 2018 UPMC सर्वाधिकार सुरक्षित

द्वन्द र अपिलहरू UPMC को आय चक्रका निर्देशक, बिरामी अधिवक्ता द्वारा सहकार्य गरी समाधान हुन सक्छ। द्वन्द वा अपिलका आधारहरू लेखनमा हुनुपर्छ र वित्तीय सहायता योग्यतामा निर्णयको द्वन्द वा सूचनलाई प्रकाशित गरी बिरामीले भोगेको 30 दिन भित्र बुझाउनु पर्छ।

विवाद वा अपीलहरू निम्न कार्यालयमा पेश गर्नुपर्छ:

निर्देशक, UPMC आय चक्र, बिरामीको अधिवक्ता
Quantum 1 Building
2 Hot Metal Street
Pittsburgh, PA  15203

## XI. गैर-भुक्तानीको क्षणमा संकलनहरू

UPMC उपयुक्त संघीय कानूनहरू द्वारा परिभाषित गरेको अतिरिक्त संकलन कार्यहरूमा सामेल हुने छैन। व्यक्ति पहिल्यै वित्तीय सहायता प्रापक हो भने र उसले/उनले कठिन परिस्थितिमा पनि आ-आफ्ना बाँकी रकम भुक्तान गर्न असल आचरणमा सहकार्य गरिरहेको छ भने, UPMC ले विस्तारित भुक्तान योजनको प्रस्ताव गर्ने प्रयत्न गर्नेछ।

UPMC बिलिङ र संकलन नीति HS-RE0724 मा गैर-भुक्तानीको क्षणमा अस्पताल सुविधाले लिन कार्यहरूको लागि उल्लेख गर्नुहोस्। यो नीति बिरामी वित्तीय सेवा केन्द्र 1-800-371-8359 सँग सहकार्य गरी नि:शुल्क प्राप्त गर्न सकिन्छ।

## XII. नियामक आवश्यकताहरू

यो नीतिको कार्यान्वयनमा, UPMC व्यवस्थापन र सुविधाहरू सबै उपयुक्त संघीय, राज्य र स्थानीय कानून, नियम र नीतिहरूसँग पालना हुनेछ।

## XIII. रेकर्ड राख्नु

UPMC ले उचित नियन्त्रणहरू र गर्नको लागि र सबै बाहिरी तथा भित्र इजाजत प्राप्त आवश्यकताहरू प्राप्त गर्न वित्तीय सहायताको दस्तावेज गर्नेछ।

## XIV. यस नीति भित्र उल्लिखित नीतिहरू

HS-RE0724   बिरामी बिलिङ तथा   संकलन

© 2018 UPMC सर्वाधिकार सुरक्षित

**हस्ताक्षर**: जेफ्रे पोर्टर
उपाध्यक्ष, आम्दानी चक्र

**मूल:** अक्टोबर 1, 1999

**स्वीकृतिहरू:**
नीति समीक्षा सह-समिति: अप्रिल 12, 2018

कार्यकारी कर्मचारी: अप्रिल 27, 2018 (मे 9, 2018 देखि प्रभावकारी)

**सर्वप्रथम:** नोभेम्बर 9, 2017 (नोभेम्बर 14, 2017 देखि प्रभावकारी)

**प्रायोजक:** सह-निर्देशक, आम्दानी चक्र

संलग्नकहरू

***कार्यक्षेत्र नामक खण्डमा उल्लेख गरिएका UPMC का व्यावसायिक एकाइहरूका सन्दर्भमा, यस नीतिले एउटै विषयवस्तुलाई समेट्ने व्यक्तिगत व्यावसायिक एकाइका नीतिहरूलाई प्रतिस्थापन गर्नेछ। व्यवसाय एकाइ नीतिहरूको क्षेत्रमा सोही विषय वस्तु निर्धारण गरी सबै म्यानुअलहरू बाट तानिएको हुनुपर्छ।**

© 2018 UPMC सर्वाधिकार सुरक्षित

# सुविधा सूची

UPMC Presbyterian Shadyside, Oakland campus
UPMC Presbyterian Shadyside, Shadyside campus
Western Psychiatric Institute and Clinic
Children's Hospital of Pittsburgh of UPMC
Magee-Women's Hospital of UPMC
UPMC St. Margaret
UPMC Passavant, McCandless campus
UPMC Passavant, Cranberry campus
UPMC McKeesport
UPMC Mercy
UPMC Bedford
UPMC East
UPMC Hamot
UPMC Northwest
UPMC Altoona
UPMC Horizon, Shenango campus
UPMC Horizon, Farrell campus
UPMC Jameson
UPMC Kane
The Williamsport Hospital d/b/a Williamsport Regional Medical Center
Divine Providence Hospital of the Sisters of Christian Charity d/b/a
Divine Providence Hospital
Muncy Valley Hospital
Soldiers and Sailors Memorial Hospital
UPMC Susquehanna Lock Haven d/b/a Lock Haven Hospital
UPMC Susquehanna Sunbury d/b/a Sunbury Community Hospital
Mon Yough Community Services

© 2018 UPMC सर्वाधिकार सुरक्षित

# प्रदायकको सूची

Butler Cancer Associates, Inc.
Center for Emergency Medicine of Western Pennsylvania, Inc.
Donahue & Allen Cardiology-UPMC, Inc.
Erie Physicians Network-UPMC, Inc.
Fayette Oncology Associates
Fayette Physician Network, Inc.
Great Lakes Physician Practice, P.C.
Hematology Oncology Association
Heritage Valley/UPMC Multispecialty Group, Inc.
Jefferson/UPMC Cancer Associates
Lexington Anesthesia Associates, Inc.
Mountain View Cancer Associates, Inc.
Oncology-Hematology Association, Inc.
Passavant Professional Associates, Inc.
Regional Health Services, Inc.
Renaissance Family Practice-UPMC, Inc.
Tri-State Neurosurgical Associates-UPMC, Inc.
University of Pittsburgh Cancer Institute Cancer Services
University of Pittsburgh Physicians, Inc.
UPMC Altoona Partnership for a Health Community
UPMC Altoona Regional Health Services, Inc.
UPMC and the Washington Hospital Cancer enter
UPMC Community Medicine , Inc.
UPMC Complete Care, Inc.
UPMC Emergency Medicine, Inc.
UPMC Multispecialty Group, Inc.
UPMC/HVHS Cancer Center
UPMC/Jameson Cancer Center
UPMC/St. Clair Hospital Cancer Center
UPMC/Conemaugh Cancer Center
Susqehanna Physician Services d/b/a Susquehanna Health Medical Group-SHMG
Tioga Healthcare Providers-THCP

© 2018 UPMC सर्वाधिकार सुरक्षित